उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः११ मितिः२०८०/१०/१४

## भाग-२

## सामुदयिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

### पृष्ठभूमि

रेबिज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो । पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रुपमा विद्यमान रेविज रोगका कारण पशु पालक कृषकहरुले वर्षेनी ठूलो आर्थिक क्षती व्यहोर्दै आएका छन् ।

अतः सामुदायिक कुकुरको बन्धाकरण र रेविज खोपको माध्यमबाट रेविज रोग तथा कुकुर संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्देश्यका साथ यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** रहेको छ।

(ख) यो कार्यविधि सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि स्वीकृति पश्चात लागू हुनेछ ।

**१.२. परिभाषाः** यस कार्यविधिमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(१) **मन्त्रालय** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

(२) **विभाग** भन्नाले पशु सेवा विभाग सम्झनुपर्छ ।

(३) **कार्यालय** भन्नाले उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(४) **कार्यविधि** भन्नाले **सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** सम्झनु पर्ने छ.

(५) **गाउँपालिका** भन्नाले उत्तरगया गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(६) **शाखा** भन्नाले उत्तरगया गाउँपालिका पशु सेवा शाखा लाई सम्झनु पर्नेछ ।

**१.३. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

- उत्तरगया गाउँपालिका पशु सेवा शाखाको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।
- सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज विरुद्ध खोप उत्तरगया गाउँपालिकाले केन्द्रीय पशु चिकित्सालय/सम्वन्धित भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा अन्य संघ संस्थाहरुसंग सहकार्यमा संचालन गर्ने ।
- सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयारी गरी सुसूचित गर्ने ।
- सक्रमित जनावरको टोकाईका कारण रेविज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनिकरण गर्न सहयोग पुर्याउने ।

## परिच्छेद २

**कार्यक्रम संचालन प्रकृयाः**

- सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी

उत्तरगया गाउँपालिकाले केन्द्रीय पशु चिकित्सालय/सम्वन्धित भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पर कल्याणमा संलग्न संघ/संस्था वा भेटेरीनरी क्लिनिक सँग सहकार्यमा संचालन गरिने छ ।

- यस कार्यक्रममा सामुदायिक कुकुर दुवै भाले र पोथीको बन्ध्याकरण गरिने छ ।
- रेविज खोप यथासंभव स्वदेशी प्रयोग गर्नुपर्नेछ ।
- उत्तरगया गाउँपालिकाले तोकेको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेबिज भ्याक्सीनेसन कार्यक्रम संचालन गर्नुपर्नेछ ।
- रेविज भ्याक्सिनेसन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समयभित्र सम्पन्न गर्नु पर्नेछ ।
- रोग सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामग्री तयार तथा वितरण गर्नुपर्नेछ ।
- सम्पन्न कार्यको प्रगति विवरण नियमित रुपमा गाउँपालिकामा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
- संघ संस्थाहरुको मुल्याङ्कन गर्ने आधार निम्न अनुसार हुनेछ ।

१. संघ/संस्थाहरुको दर्ता र नविकरणः

३०

२. संस्थाले हालसम्म कुकुर बन्ध्याकरण गरेको संख्याः

४०

३. संघ संस्थामा उपलब्ध कार्यरत दर्तावाला पशु चिकित्सकको विवरणः ३०

३.१ पशु चिकित्सकको संख्याः १५

३.२ पशु चिकित्सकको सम्बन्धित क्षेत्रमा अनुभवः १५

जम्माः १००

- आवेदक संघ/संस्थाहरुको छनौटको लागि प्राविधिक मुल्याङ्कन समितिको गठन निम्न अनुसार हुनेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. लेखा शाखा प्रमुख- सदस्य
३. पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार आमन्त्रित सदस्य थप गर्न सकिने छ ।

## परिच्छेद ३

## कार्यक्रम अनुगमन तथा मुल्याकन

यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्न देहाय बमोजिमको एउटा समन्वय समिति गठन निम्न अनुसार हुनेछ।

(१) गाउँपालिका उपाध्यक्ष : संयोजक
(२) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी : सदस्य
(३) वडा अध्यक्ष ( ५ वडा ) : सदस्य
(४) पशु सेवा शाखा प्रमुख : सदस्य सचिव

## परिच्छेद ४

**आर्थिक कार्यविधिः**

- सहकार्यमा छनौट भएका पशु कल्याणमा संलग्न संघ/संस्था र भेटेरीनरी क्लिनिकलाई उत्तरगया गाउँपालिकाबाट प्रति कुकुर रु.२५००/- का दरले बजेट उपलब्ध गराईने छ । सो रकमबाट सामुदयिक कुकुर बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सेवा, रेबिज खोप, कुकुरलाई आवश्यक आहारा तथा अन्य व्यवस्थापन सम्वन्धित संघ वा संस्थाले गर्नुपर्नेछ । प्रति कुकुर बन्ध्याकरण गर्दा माथि उल्लेखित रु.२५००/- मा थप आवश्यक पर्ने रकम साझेदारले व्यहोर्नु पर्ने छ ।

- कार्यक्रम सम्पन्न भैसकेपछि सो को प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरु लगायत सम्वन्धित सुपरिवेक्षकको प्रतिवेदन समेत उतरगया गाउँपालिकामा उपलब्ध गराए पश्चात अनुगमन तथा मुल्याङ्कन समितिको निर्णय अनुरुप भुक्तानी दिइनेछ ।

त्यस कार्यका लागि तपसिल बमोजिमका कृयाकलापहरुमा निम्नानुसार रकम खर्च गर्न सकिने छ ।

**प्रति सय वटा कुकुरको लागि कुल लागत**

| क.स. | कृयाकलापहरु | लक्ष्य | लागत | जम्मा बजेट |
|---|---|---|---|---|
| १ | कार्य संचालन गर्नको लागी प्रचार प्रसार, सुचना प्रेषण तुल, ब्यानर | १ पटक | १००००/- | १००००/- |
| २ | आवश्यक समान, औषधी तथा अन्य लजिस्टिक | १ पटक | २००००/- | २००००/- |
| ३ | चिया पान | १ पटक | १००००/- | १००००/- |
| ४ | कुकुर बन्याकरण तथा रेबिज खोप | १०० संख्या | २५००/- | २५००००/- |
| | जम्मा | | | २९००००/- |

नोट : लक्ष्य अनुसार लागत इस्टिमेट घटबढ गर्न सकिनेछ ।

- जुन खर्च शिर्षकमा रकम उपलब्ध भएको छ सोही शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।
- कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सबै विल भरपाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सिलसिलेबार नम्वर राखी प्रमाणित भएको हुनु पर्नेछ ।

- माथि उल्लेखित प्रक्रिया अबलम्बन गर्न सम्भव नभएमा आर्थिक विकास समिति मार्फत कार्यापालिका बाट स्वीकृत गरि अनुमानित लागतमा नबढ्ने गरि पशु सेवा शाखा मार्फत पनि संचालन गर्न सकिने छ ।

## परिच्छेद ५

## विविधः

**प्रचलित कानुन लागू हुनेः**

सामुदायक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**कार्यविधि संशोधन तथा खारेजीः**

उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाले यस कार्यविधिको आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्ने छ।

**आज्ञाले**

**दिपक प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**